**निर्णय नं १ :-** पुतलीबजार नगरपालिकाको भु वर्गिकरण गर्ने कार्य अन्तरगत परामर्शदाताबाट पेश हुन आएको अध्ययन प्रतिवेदन बैठक समक्ष पेश भई छलफल गरियो, उक्त सम्बन्धमा पुन वडास्तरीय सरोकारवालाको भेलामा प्रतिवेदन र कानूनी आधारहरु स्पष्ट पारी प्रत्येक कित्ताको विभाजित वर्गिकरणहरुमा क्लस्टरिङ गरि वडाको सिफारिस सहित अन्तिम प्रतिवेदन तयार पारि पेश गर्न परामर्शदातालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २ :-** आ.व.०७९/०८० को वडा नं १ को योजना अन्तरगत वडास्तरीय समितिको निर्णयबाट योजना संसोधन गरि कार्यान्वयनमा ल्याइएको साविकको ठाडोलाइन पुलचोक झो पु जाने बाटो अन्तरगत वाल निर्माण कार्यमा विनियोजित रु २०००००/- बजेट माइस्थान सिमलफेदको पुरानो कुवा उत्खनन तथा सिढि एवं पुर्वाधार निर्माणमा खर्च गर्न गरिएको वडास्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :-** ' घ ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ को संसोधन गरि इजाजत पत्र प्रदान तथा नविकरण गर्ने कार्यका लागि प्रशासन शाखा प्रमुख लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।साथै उक्त कार्यमा सहजीकरण गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

देहाय **:-**

क. संयोजक – प्रशासन शाखा प्रमुख

ख. सदस्य – पुर्बाधार विकास शाखा प्रमुख (प्राबिधिक)

ग. सदस्य सचिब– राजस्व शाखा प्रमुख

**निर्णय नं ४ :-** नगर यातायात गुरुयोजना बैठक समक्ष पेश भई छलफल भयो । प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्ने निर्देशन दिने हाल लाई सम्झौता अनुसार ८५ प्रतिशत भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५ :-** गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट जारी राष्ट्रिय योग्यता प्रणाली कार्यान्वयनको आधार तयार पार्न स्थानीय तह स्तरीय **TEVT** सञ्जाल गठन तथा परिचालन गर्ने निर्णय गरियो ।

क. संयोजक - श्री देवी अर्याल, नगर उप प्रमुख

ख. सदस्य - श्री ईमबहादुर सेन, संयोजक सामाजिक विकसा समिति

ग. सदस्य - श्री ताराचन्द्र ढकाल, योजना शाखा प्रमुख

घ. सदस्य - श्री भोजराज ढकाल, आर्थिक प्रशासन शाखा प्रमुख

ङ. सदस्य - श्री लक्ष्मी शर्मा , रोजगार संयोजक

च. सदस्य - श्री रविन्द्रमान श्रेष्ठ , रोजगारदाता, पु.व.न.पा.१

छ. सदस्य - श्री सूर्य शर्मा लामिछाने, रोजगारदाता, पु.व.न.पा.१४

ज. सदस्य- - श्री शुस्मा श्रेष्ठ, रोजगारदाता, पु.व.न.पा.१०

झ. सदस्य - देवेन्द्र गुरुङ , संयोजक , त्रि.आ.मा.बि.

ञ. सदस्य - अस्मिता अर्याल , कृषि शाखा प्रमुख

ट. सदस्य सचिव - बाबुराम बराल ,शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

तुलसी राम
नगर प्रमुख
२०८०/३/२९

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं ६ :-** बहुप्राविधिक शिक्षालय स्थापनाका लागि जग्गा व्यवस्थपान तथा अध्ययन गर्नका लागि तपशिल बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो ।

क. संयोजक - श्री तुलसी राम रेग्मी, नगर प्रमुख

ख. सदस्य - श्री देवी अर्याल , नगर प्रमुख

ग. सदस्य - श्री हरिराम नागिला , प्रमुख प्रशासकीय प्रमुख

घ. सदस्य - श्री इमबहादुर सेन , सामाजिक विकास समिति, संयोजक

ङ. सदस्य - श्री अर्जुन कुमार कार्की, सयोजक, भौतिक पूर्वाधार विकास समिति

च. सदस्य - श्री राजेन्द्र प्रसाद श्रेष्ठ , वडा अध्यक्ष , वडा नं. ३

छ. सदस्यहरु - पुतलीवजार नगरपालिकाभित्र कृयासिल राजनैतिक दलका प्रमुखहरु

ज. सदस्य - प्रमुख / प्रतिनिधि , शिक्षा विकास तथा समन्वय इकाई , स्याङ्जा

झ. सदस्य - श्री राजेश श्रेष्ठ , पु.ब.न.पा.१

ञ. सदस्य सचिव - बाबुराम बराल ,शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

**निर्णय नं ७ :-** स्थानीय सरकार संचालन ऐन, तेह्रौं नगरसभाबाट स्वीकृत आर्थिक ऐन (अनुसूची ३) बमोजिमका आन्तरिक आय बन्दोबस्तका लागि दरभाउपत्र, बोलपत्रका सूचनाहरु प्रकाशन गरि कर, दस्तुर, सेवा शुल्क असुलीको व्यवस्थापन गर्ने निर्णय गरियो । साथै गत आ.व. असुली नगरिएको सडक उपयोग शुल्क समेत तेह्रौं नगरसभाबाट स्वीकृत दररेटमा ठेक्का बन्दोबस्त गरि यस वर्षबाट असुलीको बन्दोबस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :-** गत वर्ष विज्ञापन भई हालसम्म पनि नतिजा प्रकाशन भई नसकेका सुरक्षित आप्रवासन सामी कार्यक्रम, वडा विकास कार्यक्रम र गरिबसँग विशेश्वर कार्यक्रमका कर्मचारी भर्ना तथा छनौट सम्बन्धि सबै विज्ञापनहरु रद्द गरि दरखास्त दाताको परिक्षा दस्तुर फिर्ता निर्णय गरियो।

**निर्णय नं ९ :-** एम्बुलेन्स, वारुणयन्त्र तथा दमकल र जे सी बी लगायतका साधन र साधन संचालन गर्ने कर्मचारी चौबिसै घण्टा द्रुत रुपले सेवा प्रदान गर्ने गरि सतर्क तथा सावधानीमा रहन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १० :-** नवप्रवर्द्धन साझेदारी कोषका प्रणाली जडान सम्बन्धि विभिन्न सफ्टवयरको बारेमा जानकारी एवं छलफल भयो, उक्त कार्यका सम्झौता बमोजिम भुक्तानी प्रक्रिया अगाडि बढाउन स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ :-** यस नगरपालीका भित्रका अपाङ्ग परिचयपत्र अन्तरगत रातो कार्ड पाएका लक्षित वर्ग मध्ये अरुको साहारा तथा सहायता बिना हिडडुल, खानपान, सुत उठ गर्न नसक्नेवालाहरुलाई मात्र वडाबाट छनौट तथा तय गरि सिफारिस पेश गर्न लगाई नियमानुसार तोकिएको भत्ता तथा अन्य सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १२ :-** पुतलीबजार नगरपालिकाको १३ औं नगरसभाबाट स्वीकृत लेखा समिति गठन संचालन र नियामावली २०८०, बमोजिम लेखा समितिमा देहाय बमोजिमको पदाधिकारीलाई मनोनयन गर्ने निर्णय गरियो ।

घ. संयोजक – सन्तोष रेग्मी (वडा नं ५ सदस्य)

ङ. सदस्य – विष्णु बहादुर पराजुली (वडा नं ११ सदस्य)

च. सदस्य – यशोदा पौडेल अर्याल (कार्यपालिका सदस्य)

**निर्णय नं १३ :-** टेम्पो, अटोरिक्सा, रिक्सा व्यवस्थापन (प्रथम संसोधन) कार्यविधि २०७५, बमोजिम रुट तथा संचालन इजाजत पत्र र नविकरण गर्ने कार्यका लागि रुट तथा इजाजत निर्धारण तथा भाडादर सिफारिस समितिको निर्णय बमोजिम कार्य गर्ने अधिकार प्रशासन शाखा प्रमुख लाई प्रत्योजन गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८०/३/२९